एक्सन फर नेपाल

पश्चिम नेपाल: समृद्ध पश्चिम, दोस्रो चरण

खप्तडछान्ना गाउँपालिका, बझाङ

## सामाजिक परीक्षकको लागि सूचना आव्हान

मिति: २०८२ चैत्र २३ गते

प्रस्तुत बिषयमा बझांग जिल्ला खप्तडछान्ना गाउँपालिकामा कार्यरत साझेदार सस्था श्री एक्सन फर नेपाल र खप्तडछान्ना गाउँपालिका स्वास्थ्य शाखाको सयुक्त आयोजनामा यस गाउँपालिका अन्तर्गत रहेका ३ वटा स्वास्थ्य संस्थाहरूमा **सामाजिक परीक्षण कार्य** सञ्चालन गर्नुपर्ने भएकाले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक संस्था, फर्म, कम्पनी तथा तालिम प्राप्त सामाजिक परीक्षकहरूबाट तल उल्लेखित कागजातहरू संलग्न गरी यो सूचना प्रकाशन भएको मितिदेखि ७ (सात) दिनभित्र निबेदन पेश गर्न हार्दिक अनुरोध गरिन्छ।

**क्रियाकलाप:**

बझाङ जिल्ला, खप्तडछान्ना गाउँपालिका अन्तर्गत रहेका ३ (तीन) वटा स्वास्थ्य संस्थाहरूमा सामाजिक परीक्षण (Social Audit) क्रियाकलाप सञ्चालन गर्ने ।

**उद्देश्यहरू:**

महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, पिछडिएका तथा दुर्गम समुदायलाई लक्षित गर्दै उत्तरदायी, संवेदनशील र पारदर्शी स्वास्थ्य सेवा प्रणालीको विकास गर्नु।

स्वास्थ्य सेवासम्बन्धी जानकारी र सामुदायिक क्रियाकलापबारे समुदायलाई सचेत गराई स्वास्थ्य क्षेत्रमा पारदर्शिता प्रवर्द्धन गर्नु।

आम नागरिकको सक्रिय सहभागितामार्फत स्वास्थ्य सेवाप्रति अधिकार, कर्तव्य र अपनत्वको भावना अभिवृद्धि गर्दै सेवा प्रदायक निकायलाई समुदायप्रति उत्तरदायी बनाउनु।

नागरिक र स्वास्थ्य संस्थाबीच सही, तथ्यपरक र समयसापेक्ष सूचना आदान–प्रदान तथा नियमित संवादको संस्थागत अभ्यास विकास गर्नु।

**सामाजिक परीक्षणका लागि मुख्य विषयहरू :**

**आमा सुरक्षा कार्यक्रम:** गर्भवती तथा प्रसूति सेवा प्राप्त गर्नेको विवरण, प्रसूति तथा गर्भवती परीक्षण प्रोत्साहन रकम वितरणको अवस्था।

**एकीकृत नवजात शिशु तथा बालस्वास्थ्य व्यवस्थापन:** सेवा लिनेको सङ्ख्या र प्रदान गरिएका सेवाहरू (झाडापखाला, पोषण, स्वास–प्रस्वास आदि)।

**परिवार नियोजन, खोप तथा पोषण कार्यक्रम**: लक्ष्य, उपलब्धि, अघिल्लो आर्थिक वर्षसँगको तुलनात्मक अवस्था तथा खोपबाट छुटेका बालबालिकाको विवरण (जाति र भौगोलिक क्षेत्रअनुसार)।

निःशुल्क स्वास्थ्य उपचार सेवा: गरिब, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायले सेवा प्राप्त गरेको अवस्था र सेवाको नियमितता।

**औषधि तथा स्वास्थ्य सामग्री व्यवस्थापन:** निःशुल्क वितरण गरिएका औषधि, अत्यावश्यक औषधिको नियमित उपलब्धता तथा उपकरण/सामग्रीको अवस्था।

**स्वास्थ्य संस्था व्यवस्थापन समिति:** महिला तथा पिछडिएका समुदायको प्रतिनिधित्वको अवस्था।

व्यवस्थापन समितिको सुशासन: बैठकको नियमितता र गरिएका महत्वपूर्ण निर्णयहरू।

**स्वास्थ्य संस्थाको समग्र अवस्था:** मानव स्रोत व्यवस्थापन, स्वास्थ्यकर्मीको व्यवहार, सरसफाइ, निर्मलीकरण, भौतिक पूर्वाधार, पानी–विद्युत आपूर्ति तथा आईटी उपकरणहरूको उपलब्धता।

Action For Nepal

Scanned with CamScanner

**सामाजिक परीक्षण गर्नु पर्ने स्थानहरू**

1. खप्तडछान्ना गाउँपालिका वडा नं. २ – लामातोला स्वास्थ्य चौकी
2. खप्तडछान्ना गाउँपालिका वडा नं. ४ – छान्ना स्वास्थ्य चौकी
3. खप्तडछान्ना गाउँपालिका वडा नं. ६ – पाटादेवल स्वास्थ्य चौकी

**सामाजिक परीक्षकको काम, कर्तव्य तथा भूमिका**

- सामाजिक परीक्षणको सम्पूर्ण तयारी कार्य गर्ने।
- गाउँकार्यपालिकाको कार्यालय, सम्बन्धित शाखाहरु, जिल्ला जनस्वास्थ्य कार्यालय, स्थानीय स्वास्थ्य संस्था तथा अन्य सरोकारवालाहरूसँग समन्वय गरी तोकिएको स्वास्थ्य सस्थामा सामाजिक परीक्षण सञ्चालन गर्ने।
- सामाजिक परीक्षणसम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सहजीकरण गर्ने।
- स्थानीय नागरिक, विशेषगरी महिला, गरिब तथा वञ्चित समुदायलाई सामाजिक परीक्षण प्रक्रियामा सक्रिय सहभागिताका लागि उत्प्रेरित गर्ने।
- स्वास्थ्य संस्था तथा समुदाय तहबाट आवश्यक सूचना सङ्कलन तथा विश्लेषण गर्ने।
- सामाजिक परीक्षणबाट प्राप्त निष्कर्षहरू आमसभामा प्रस्तुत गर्ने, सुधारात्मक कार्ययोजना तयार गर्ने तथा सोहीअनुसार प्रतिवेदन तयार गरी बुझाउने।

**सामाजिक परीक्षकको न्यूनतम योग्यता**

- सम्बन्धित क्षेत्रमा सक्रिय रूपमा कम्तिमा ४ बर्ष सम्म कार्यरत रहेको हुनुपर्ने।
- आवेदक व्यक्ति सम्भव भएसम्म सम्बन्धित जिल्लाको स्थायी बासिन्दा हुनुपर्ने।
- न्यूनतम शैक्षिक योग्यता स्नातक तह वा सो सरहको हुनुपर्ने। सो नभएमा सामाजिक परीक्षणसम्बन्धी पर्याप्त अनुभव भएको व्यक्तिलाई समेत मान्यता दिइन सकिने।
- सामाजिक परिचालन तथा सहजीकरण कार्यमा कम्तीमा २ (दुइ) वर्षको अनुभव भएको हुनुपर्ने।
- सम्बन्धित जिल्लाको स्वास्थ्य सेवा प्रवाह प्रणाली तथा सरकारले उपलब्ध गराउने सेवा सुविधाका विषयमा राम्रो जानकारी भएको हुनुपर्ने।
- सूचना सङ्कलन, विश्लेषण तथा प्रतिवेदन लेखनमा दक्षता भएको हुनुपर्ने।
- स्थानीय तहका बैठक, अभिमुखीकरण तथा गोष्ठीहरू सहजीकरण गर्न सक्ने क्षमता भएको हुनुपर्ने।

**आवश्यक कागजातहरू**

- नवीकरण सहितको कम्पनी, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि
- PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि
- व्यक्तिको हकमा: नागरिकताको प्रतिलिपि, बायोडाटा, PAN कार्ड, सम्बन्धित क्षेत्रमा तालिम प्राप्त गरेको प्रमाणपत्र, कार्य अनुभवको प्रमाणपत्र तथा शैक्षिक प्रमाणपत्रहरूको प्रतिलिपि
- आवश्यकताअनुसार अन्य कागजातहरू पछि माग गर्न सकिनेछ ।

**सम्पर्क ठेगाना**

एक्सन फर नेपालको कार्यालय, खप्तडछान्ना गाउँपालिका, बझाङ

फोन: ९८४८४८२४२०

इमेल: kishanafnepal@gmail.com

नोट: छनौट मूल्याङ्कन एक्सन फर नेपालको आन्तरिक नियमावली बमोजिम गरिनेछ।

Action For Nepal

Scanned with CamScanner

**सामाजिक परीक्षण कार्यान्वयनका लागि निर्धारित गतिविधि, समय र कुल बजेट फारम समेत भरेर पठाउनु पर्नेछ ।**

| सि.नं. | गतिविधिहरू | दिन/ समय | कैफियत | जम्मा बजेट |
|---|---|---|---|---|
| १ | १. तयारी, सूचना सङ्कलन एवं विश्लेषण<br>२. स्वास्थ्य संस्थाको वस्तुस्थिति अवलोकन, सूचना सङ्कलन र सेवा लिने/सेवा प्रदायक सरोकारवालाहरूसँग अन्तरवार्ता<br>३. आमसभाको तयारी (सहभागी, स्थान, छलफलका विषयवस्तु र भूमिका आदि)<br>४. समुदायबाट सूचना सङ्कलन (समूह छलफल, स्वास्थ्य संस्थाबाट प्रस्तुति, सेवा लिनेहरूसँग भेटघाट) सूचनाहरूको विश्लेषण<br>५. व्यवस्थापन समिति एवं स्वास्थ्यकर्मीहरूसँग प्रारम्भिक नतिजाबारे छलफल गरी मस्यौदा कार्ययोजना तयारी | ६ दिन | स्वास्थ्य संस्था पुगेको दोस्रो दिनभित्र आमसभाको मिति निर्धारण गर्ने।<br>गरिब, दुर्गम क्षेत्र एवं पिछडिएका समुदायको सहभागिता सुनिश्चित गर्ने। | |
| २ | आमसभाको आयोजना र कार्ययोजना निर्माण<br>आमसभाको सहजीकरण (सञ्चालन, नतिजाहरू प्रस्तुति, खुला छलफल) मस्यौदा कार्ययोजना प्रस्तुति र परिमार्जन | १ दिन | आमसभा बढीमा ३ घण्टाभित्र सम्पन्न गर्ने।<br>कार्ययोजनाका लागि कम्तीमा १ घण्टा समय दिनुपर्ने। | |
| ३ | भावी कार्यदिशा निर्धारण र प्रतिवेदन लेखन | १ दिन | | |
| ४ | यातायात खर्च | ...... | | |
| ५ | आमसभाको लागि खर्च | ...... | | |
| | कुल जम्मा बजेट | | | |

**पेश गर्नेको विवरण :**

सस्था वा व्यक्तिको नाम:

ठेगाना:

इमेल:

फोन नं.

हस्ताक्षार:

सस्थाको छाप:

Action For Nepal

Scanned with CamScanner